# संघीय संसद
# प्रतिनिधि सभा
# विकास तथा प्रविधि समिति
## बैठक संख्या : १०२

मितिः २०७७/०३/२५

छलफल एवं निर्णय :

समितिको आज बसेको बैठकमा राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत लगायत सम्बद्ध पदाधिकारीहरुसँग प्राधिकरणबाट हाल भइरहेको कार्यको प्रगति र आगामी कार्ययोजनाका सम्बन्धमा छलफल भई देहाय बमोजिमको निर्णय भयो :-

१ राष्ट्रिय पुनर्निर्माण प्राधिकरणद्वारा भूकम्पले क्षतिग्रस्त भएका निजी आवास, वस्ती स्थानान्तरण र एकीकृत वस्ती, शैक्षिक संस्था, स्वास्थ्य संस्था र सरकारी एवं सुरक्षा निकायका भवन लगायतका संरचनाहरुको पुनर्निर्माणको प्रगति प्रशंसनीय रहेको छ । तथापि प्राधिकरणको समयावधि यही २०७७ पुष १० गते समाप्त हुन गइरहेकोले निर्माणकै चरणमा रहेका पुरातात्त्विक एवं सांस्कृतिक सम्पदाहरुको पुनर्निर्माण लगायतका कामहरु कसरी अघि बढाउने भन्ने विषय यथाशीघ्र निर्क्योल गरी सम्पादन हुन बाँकी रहेका कामहरुको स्वामित्व, गुणस्तर एवं वित्तिय स्रोतको समेत सुनिश्चितता गर्न समिति, नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय र राष्ट्रिय पुनर्निर्माण प्राधिकरणलाई निर्देश गर्दछ ।

२ पुनर्निर्माणको क्रममा रहेका गुम्बाहरु र अन्य पुरातात्विक महत्वका संरचनाहरुको स्रोत व्यवस्थापन गरी द्रुत गतिमा निर्माण कार्य अघि बढाउन समिति राष्ट्रिय पुनर्निर्माण प्राधिकरणलाई निर्देश गर्दछ ।

३ राष्ट्रिय पुनर्निर्माण प्राधिकरणद्वारा निर्माणाधीन अवस्थामा रहेका काठमाडौंको सुन्धारास्थित ऐतिहासिक एवं पुरातात्विक महत्वको धरहरा, रानीपोखरी, काष्ठमण्डप एवं प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय लगायतका स्थानहरुको समितिले उपयुक्त समयमा स्थलगत अवलोकन गर्ने ।

४ समितिको आगामी बैठक अर्को सूचना नभएसम्मको लागि स्थगित भयो ।

(कल्याणी कुमारी खड्का)
सभापति